# राष्ट्रिय बहिरा महासंघ नेपालको

त्रैमासिक गतिविधि सङ्गालो

# "हाम्रो सञ्चार"

अंक १, वर्ष २०७८, साउन देखि असोज सम्म




**देश विदेशमा रहनु भएका सम्पूर्ण बहिरा समुदाय, अपाङ्गता भएका व्यक्ति एवं सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरूमा विजयादशमी, दिपावली तथा छठ पर्व २०७८को हार्दिक मंगलमय शुभकामना**

NDFN
1995

राष्ट्रिय बहिरा महासंघ नेपाल
भृकुटिमण्डप, काठमाण्डौ
फोन: ०१४२२५१४
Email:admin@deafnepal.org.np
Web: www.deafnepal.org.np

यस अंकभित्र...

१. मेरो सङ्केत" मोबाइल एप सार्वजनिक... ... १
२. महामारीमा बहिरा समुदायको पहुँच सम्बन्धी अन्तरक्रिया ... १
३. राजविराजमा रहेको बहिरा विद्यालयको अनुगमन भ्रमण ... २
४. TAF भिडियो बारे CEHRD र CDC सँग छलफल ... २
५. राष्ट्रिय विपद जोखिम तथा व्यवस्थापन विभागमा ध्यानाकर्षण पत्र ... ३
६. श्रवणदृष्टि विहीनता सम्बन्धमा अभिभावक, शिक्षक तथा स्थानीय तहका कर्मचारीहरुलाई तालिम ... ३
७. बहिरा महिलाहरुका लागि यौन तथा प्रजनन स्वास्थ्य र क्षमता विकास सम्बन्धी तालिम ... ४
८. साङ्केतिक भाषामा कथाहरुको भिडियो उत्पादन ... ५
९. स्थानीय तहका शिक्षा कर्मचारीहरुलाई तलिम ... ५


# राष्ट्रिय बहिरा महासंघ नेपालको

त्रैमासिक गतिविधि सङ्गालो

# “हाम्रो सञ्चार”

अंक १, वर्ष २०७८, साउन देखि असोज सम्म


## १. “मेरो सङ्केत” मोबाइल एप सार्वजनिक




अन्तर्राष्ट्रिय सांकेतिक भाषा दिवसको अवसरमा “मेरो संकेत” नामक नेपाली सांकेतिक भाषाको एक नयाँ एप सार्वजनिक गरिएको छ। बहिरा बालबालिकाहरूको साक्षरता, पठन सिप र आधारभुत सांकेतिक भाषा सीपको विकासमा लक्षित यो मोबाइल एप शिक्षक, अभिभावक, सहयोगी एवं सांकेतिक भाषामा रूची भएका सबैका लागि उपयोगी रहेको छ । यस एपमा स्वर वर्ण, व्यन्जन वर्ण र त्यसबाट बन्ने शब्दहरू, मात्राको ज्ञान तथा मुल्यांकन विधि राखिएको छ ।

एपलाई बहिरा बालबालिका, अभिभावक र शिक्षकहरूमा परिक्षण गरि सार्वजनिक गरिएको हो । Google App Store मा गएर एप डाउनलोड गर्न सकिन्छ । यो एप US AID, Handicap International, World Education र शिक्षा तथा मानवस्रोत विकास केन्द्रको सहकार्यमा राष्ट्रिय बहिरा महासंघ नेपालले निर्माण गरिएको हो ।

## २. महामारीमा बहिरा समुदायको पहुँच सम्बन्धी अन्तरक्रिया



महामारीमा आउन सक्ने खतराका बारेमा जानकारी गराउने तथा त्यस्तो अवस्थामा सुरक्षित रहन उनिहरूको पहुँच सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कर्णाली प्रदेशको राजधानी सुर्खेत, लुम्बिनी प्रदेशको राजधानी बुटवल तथा प्रदेश १ को राजधानी बिराटनगरमा यो कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा प्राकृतिक प्रकोप तथा महामारी प्रतिकार्यमा कार्यरत सरकारी निकाय, सुरक्षा निकाय, गैरसरकारी संस्था, पत्रकार तथा बहिरा व्यक्तहिरूको सहभागिता थियो ।





P.O. Box: 11338, Ktm-Nepal, Phone: +977-1-4220514, Mob: 9851144801, Email: admin@deafnepal.org.np, Web: www.deafnepal.org.np

# राष्ट्रिय बहिरा महासंघ नेपालको

त्रैमासिक गतिविधि सङ्गालो

# "हाम्रो सञ्चार"

अंक १, वर्ष २०७८, साउन देखि असोज सम्म


## ३. राजविराजमा रहेको बहिरा विद्यालयको अनुगमन भ्रमण




राष्ट्रिय बहिरा महासंघका केन्द्रीय अध्यक्ष केपी अधिकारीले हालै सप्तरीको राजविराजमा रहेको बहिरा बालबालिका अध्ययनरत विद्यालयको अनुगमन भ्रमण गर्नुभएको छ । बहिरा बालबालिकाहरूको गणस्तरीय शिक्षा र सांकेतिक भाषाको विकासका लागि विद्यालयले गर्दै आएको पहलका बारेमा विद्यालय व्यवस्थापन समिति तथा प्रशासन संग छलफल गरिएको थियो ।

## ४. हेर्ने कथा ..... सुन्ने कथा ..... पढ्ने कथा .....

राष्ट्रिय बहिरा महासंघ नेपालले All Children Reading: A Grand Challenge for Development को Founding Partners USAID, World Vision, र Australian Government तथा Global Book Alliance को संयुक्त सहयोगमा The Asia Foundation, Let's Read संगको सहकार्यमा २५ वटा कथाका किताबहरूलाई नेपाली सांकेतिक भाषाका भिडियो पुस्तक तयार गर्ने कार्य भइरहेको छ ।





यस सांकेतिक भाषा भिडियो पुस्तक/कथालाइ सुनाई सम्बन्धी अपाङ्गता भएका बहिरा बालबालिकाहरूका लागि बनाइएका विद्युतीय किताबहरु (इ-बुक) ले सांकेतिक भाषा, चित्रहरुका माध्यमबाट कथाको सन्दर्भ बुझ्न सहज, प्रभावकारी तथा उपयोगी हुने बिश्वास लिएको छ । उक्त सांकेतिक भाषाका भिडियो सामाग्री हाल सम्पादन र परीक्षणको क्रममा रहेको छ ।

नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा तथा मानवस्रोत केन्द्र र पाठ्यक्रम विकास केन्द्रसँगको भिडियो परिक्षण पश्चात् बहिरा बालबालिकाहरू, अभिभावकहरू र शिक्षकहरूसँग पनि यसको परिक्षण गरी सार्वजनिक गरिने छ ।

राष्ट्रिय बहिरा महासंघ नेपालको

त्रैमासिक गतिविधि सङ्गालो

"हाम्रो सञ्चार"

अंक १, वर्ष २०७८, साउन देखि असोज सम्म

## ५. राष्ट्रिय विपद जोखिम तथा व्यवस्थापन विभागमा ध्यानाकर्षण

राष्ट्रिय विपत जोखिम तथा न्युनिकरण सम्बन्धि ऐन २०७४ मा जारी भै २०७५ मा संशोधन भैसकेको छ। ऐनले प्राकृतिक प्रकोप, महामारी तथा आकस्मिक अवस्थामा अपाङ्गता भएका तथा जोखिममा परेका व्यक्तिहरुलाई तत्काल सुचना, जानकारी, सचेतना, उद्धार, राहत तथा उपचारको स्पष्ट व्यवस्था गरेको भएपनि कार्यान्वयन हुन सकेको छैन। नेपाल सरकारबाट जारी हुने लिखित सुचना भिडियो सन्देश तथा विज्ञापनहरूमा दोभाषेको अनिवार्य व्यवस्था गरी बहिरा नागरिकहरूको पहुँचमा पुर्याउन आवश्यक देखिन्छ। बार्षिक रूपमा निरन्तर आईरहने प्रकोप तथा महामारी सम्बन्धि समस्याबाट सञ्चार अवरोधको कारण बहिरा नागरिकहरू बढी जोखिममा पर्न सक्ने विषयमा सरकारले बहिरा समुदायको पहुँचमा पुग्ने गरी स्पष्ट कार्यक्रम ल्याउनु आवश्यक छ।



राष्ट्रिय बहिरा महासंघ नेपालले विपदको बेला गर्नु पर्ने व्यवस्थापन बहिरा व्यक्तिहरुका लागि पहुँचयुक्त हुनु पर्ने माग सहित राष्ट्रिय विपद जोखिम तथा व्यवस्थापन विभागमा ध्यानकर्षण पत्र बुझाएको छ । जोखिम न्युनिकरणका लागि सरकारले प्रसारण गर्ने सुचना बहिरा मैत्री बन्नु पर्ने, प्राकृतिक विपद परिहाले त्यस्तो ठाँउमा व्यवस्थापनका क्रममा बहिरा व्यक्तिहरूलाई संचारमा पहुँच सुनिश्चि गर्नुपर्ने लगायतका विषयहरु राखिएका छन् । राष्ट्रिय विपद जोखिम तथा व्यवस्थापन विभागका प्रमुखले आगामी दिनमा यस विषयमा विभाग गम्भीर भएर काम गर्ने प्रतिबद्धता जनाउनु भएको छ ।

## ६. अभिभावक, शिक्षक तथा स्थानीय तहका कर्मचारीहरुलाई तालिम

### ६.१. अभिभावक तालिम



सेन्स इन्टरनेसनल युके, सेन्स इन्टरनेसनल इण्डिया तथा रुपिन्सको आर्थिक एवं प्रविधिक सहकार्यमा राष्ट्रिय बहिरा महासंघ नेपालले रुपन्देही र मोरङ जिल्लामा श्रवणदृष्टि विहीनता भएका बालबालिकाहरुका अभिभावकहरुलाई ३ दिनको तालिम संचालन गरेको छ । श्रवणदृष्टि विहीनता भएका बालबालिका तथा युवाहरुको व्यवस्थापनमा अभिभावको भुमिकाका विषयमा उक्त तालिम केन्द्रित रहेको थियो । उक्त तालिममा अभिभावकहरुको संजाल विस्तार, यौन तथा प्रजनन स्वास्थ्य तथा उद्यमसिलता सम्बन्धमा जानकारी गराइएको थियो । तालिममा रुपन्देही र मोरङ जिल्लाका गरि २८ जना अभिभावक सहभागि थिए ।

राष्ट्रिय बहिरा महासंघ नेपालको

त्रैमासिक गतिविधि सङ्गालो

"हाम्रो सञ्चार"

अंक १, वर्ष २०७८, साउन देखि असोज सम्म

## ६.२. सामुदायिक विद्यालयका शिक्षकहरुलाई तालिम



रुपन्देही र मोरङ जिल्लामा रहेका विशेष विद्यालयका ४४ जना शिक्षकहरुलाई श्रवणदृष्टि विहिनता, सञ्चार र पाठ्यक्रम अनुकुलन सम्बन्धमा २ दिने प्रशिक्षण सम्पन्न भएको छ । शिक्षकहरुलाई श्रवणदृष्टि विहीन अपाङ्गतालाई कसरी पहिचान गर्ने, उनिहरुलाई अन्य बालबालिकाहरु संगै कसरी पढाउने भन्ने विषयमा प्रयोगात्मक विधिबाट सिकाइएको थियो । पछि गएर श्रवणदृष्टि विहीनता भएका बालबालिकाहरु आफु मैत्रि संचार नहुँदा विद्यालय छोड्न परेका घटनाहरु बढ्दै गएको पाइए पछि सामुदायिक विद्यालयका शिक्षकहरुलाई यस विषयमा सुसुचित गर ाउने उद्देश्यले यो तालिम संचालन गरिएको हो ।

## ६.३. स्थानीय पालीकाका शिक्षा प्रमुखहरुलाई तालिम



स्थानीय पालीकाका शिक्षा प्रमुखहरुलाई श्रवणदृष्टि विहीन अपाङ्गता भएका बालबालिकाहरुको संचार, उनिहरुले भोग्न परेका अवरोध तथा स्थानीय सरकारको भुमिका विषयमा छलफल गरिएको थियो । उक्त तालिममा रुपन्देही जिल्लाका १६ वटा पालिकाका शिक्षा प्रमुख तथा मोरङ जिल्लाका १७ पालिकाका शिक्षा प्रमुखहरुको उपस्थिती रहेको थियो । हाल रुपन्देही जिल्लामा श्रवणदृष्टि विहीन स्रोत कक्षा संचालनमा रहेको छ भने मोरङ जिल्लामा संचालनको तयारीमा छ। जिल्लामा एउटा मात्रै स्रोत कक्षाले सबै बालबालिकाहरुलाई समेट्न नसकिने भएकाले जिल्लाका अरु ठाँउमा पनि स्रोत कक्षा संचालन सम्बन्धमा पनि शिक्षा प्रमुखहरु सँग छलफल गरिएको हो ।

## ७. यौन तथा प्रजनन स्वास्थ्य र क्षमता विकास सम्बन्धी तालिम



यौन र प्रजनन स्वास्थ्य शब्द आउनासाथ लजाएर कुराकानी गर्न पछि हट्ने बरु समस्या पालेर बस्ने प्रबृत्तिका कारण बहिरा महिला झन अप्ठेरोमा परेका छन् । ज्ञानको कमीको कारणले यौन र प्रजनन स्वास्थ्य, बहिरा महिलाहरुमा ज्ञानको कमीका कारण यससँग सम्बन्धित धेरै स्वास्थ्य समस्याहरुको सामना गरिरहेका छन् । यौन तथा प्रजनन स्वास्थ्य विषय खुलेर बोल्न अप्ठेरो मान्ने र संचारका लागि दोभाषे पनि नहुने हुँदा बहिरा महिलाहरु यस्ता समस्याहरु खेप्न बाध्यछन् । महोत्तरी जिल्लामा स्थानिय बहिरा संघको व्यवस्थापनमा राष्ट्रिय बहिरा महासंघ नेपालले दुई दिने यौन तथा प्रजनन् स्वास्थ्यको बारेमा तालिम संचालन गरिएको थियो । सोही अवसरमा बहिरा महिला समिति गठन गरिएको थियो । यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार, प्रजनन् अंग, महिनावारी, सुरक्षित मातृत्व, बालबालिका खोप, परिवार नियोजन र यसको साधन, असुरक्षित गर्भपतन, महिला हिंसा विषयमा प्रशिक्षकहरुद्वारा तालिम प्रदान गरिएको थियो । २ दिने उक्त तालिममा राष्ट्रिय बहिरा महासंघ नेपालको केन्द्रिय सदस्य रोशन कुमार झा तथा प्रदेश नं २ को अध्यक्ष गंगाराम यादव तथा राष्ट्रिय बहिरा महासंघका सचिव सर्मिला मानन्धरको सहभागिता रहेको थियो । तालिम माइराइट/डिडिएफको सहयोगमा संचालन गरिएको हो । तालिममा १५ जना बहिरा महिलाहरुको सहभागिता रहेको थियो ।

# राष्ट्रिय बहिरा महासंघ नेपालको

त्रैमासिक गतिविधि सङ्गालो

# "हाम्रो सञ्चार"

अंक १, वर्ष २०७८, साउन देखि असोज सम्म






यसैगरी म्याग्दी जिल्लामा रहेका बहिरा महिलाहरूलाई क्षमता विकास सम्बन्धी तालिम दिइएको छ । बहिरा व्यक्तिहरूले आफ्ना अधिकार के हुन, अधिकार उपभोग कसरी गर्ने भन्ने विषयमा तालिम संचालन गरिएको हो । महासंघका बरिष्ठ उपाध्यक्ष सत्यदेवी वाग्ले तथा महासंघ सदस्य प्रतिमा थकालीले उक्त तालिम संचालन गर्नु भएको हो । उक्त तालिम पनि माइराइट/डिडिएफको सहयोगमा संचालन गरिएको हो ।

## ८. स्वास्थ्य कर्मिहरूलाई तलिम



श्रवणदृष्टि विहिनताका विषयमा स्वास्थ्य क्षेत्रमा कामगर्ने जनशक्तिलाई सचेत गराउने र उनिहरूको पहिचानमा सहयोग पुऱ्याउने उद्धेश्यले मोरङ स्वस्थ्य चौकि प्रमुखहरूलाई तालिम कार्यक्रमको आयोजना गरिएको छ । मोरङमा संचालित तालिममा २३ जना स्वस्थ्य कर्मीको उपस्थितिमा सम्पन्न भएको थियो । यस तालिम कार्यक्रमको प्रस्तुतिमा श्रवणदृष्टि विहिनताको परिभाषा, श्रवणदृष्टि विहिनता हुने कारण, किन यो जटिल छ र अन्य अपांगता भन्दा फरक छ, श्रवणदृष्टि विहिनता भएका व्यक्तिहरूको समस्या, कसरी पहिचान गर्ने, सञ्चारको तरिकाजस्ता शीर्षकहरू समेटिएका थिए ।

तालिममा सहभागि स्वास्थ्य कर्मीहरूले श्रवणदृष्टि विहिनताका बारेमा धेरै जानकारी पाएको र समुदाय सँग प्रत्यक्ष सहकार्य गर्ने भएका कारण यस्ता व्यक्तिहरूको पहिचानमा थप सहायोग गर्न सकिने बताउनु भएको थियो ।

## ९. स्थानीय तहका शिक्षा कर्मचारीहरूलाई तलिम

श्रवणदृष्टि विहिनता भएका व्यक्तिहरूका लागि स्वस्थ जीवन परियोजना अन्तर्गत सरकारी कर्मचारी तथा जनप्रतिनिधीहरूका लागी जानकारीमुलक तालिम सम्पन्न भएको छ । तेस्रो वर्षको दास्रो चौमासिकका विभिन्न कृयाकलाप संचालन भइरहेको सन्दर्भमा यो तालिम संचालन गरिएको हो । परियोजना संचालनमा रहेको रूपन्देही तथा मोरङ काठमाडौं जिल्लामा यो तालिम संचालन गरिएको हो । रूपन्देही जिल्लामा रहेका स्थानिय तहका शिक्षा महाशाखा र शिक्षा शाखा र जिल्ला शिक्षा समन्वय एकाईका कर्मचारीहरूसंग समावेशी शिक्षाको वर्तमान अवस्थाबारे छलफल गरीएको छ । यस कार्यक्रममा श्रवणदृष्टि विहीन अपाङ्गता भएका व्यक्तिहरूको समावेशी शिक्षामा पहुँच पुऱ्याउन सरकारी कर्मचारीको भुमिका विषयक छलफल तथा तालिम कार्यक्रम सम्पन्न भएको थियो । उक्त तालिममा शैक्षिक गतिविधि सञ्चाल गर्न र समावेशी शिक्षाको बारेमा जानकारी दिइएको थियो । जसले अवको शैक्षिक कार्यक्रमहरू तर्जुमा गर्दा समाबेशी शिक्षालाई पनि समाबेश गर्न सक्षम हुनेछन ।





